का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक ३०६

❒ १५ पुस २०७८, बिहीबार

❒ 30 December 2021, Thursday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।



हुम्लामा भारी हिमपात हुँदा पनि साढे एक घण्टाको बाटो डाँडाफाया गाउँबाट हिँडेर सदरमुकाम सिमकोटमा दाउरा बिक्री गर्न पुगेका बालक । तस्बिर : दाने बोहरा/रासस

## महाधिवेशन लगत्तै शक्ति संघर्ष !

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १४ पुस ।

नेपाली काँग्रेसको १४औं महाधिवेशनका क्रममा जिल्ला अधिवेशन हुन नसकेका जिल्लाहरुमा अधिवेशनको तयारी अगाडि बढेको छ । मंसिर अन्तिम साता कानूनी बाध्यताका कारण १४औं महाधिवेशन गरेको काँग्रेसले जिल्ला अधिवेशन पुस २७ गते गर्ने भएको छ । काँग्रेसको प्रदेश-२ मा कुनैपनि जिल्ला अधिवेशन भएको छ ।

बागमतीका चार, गण्डकीको एक, लुम्बिनीको एक र सुदूरपश्चिमका दुई जिल्लामा अधिवेशन हुन सकेको छैन । बाँकी १६ जिल्ला अधिवेशन नजिकिदै गर्दा पार्टी केन्द्रकै नेताहरुको ध्यान तानिएको छ । केन्द्रीय निर्वाचन संयोजक गोपालकृष्ण घिमिरेका अनुसार, बाँकी जिल्लामा एकैदिन जिल्ला अधिवेशन हुँदैछ ।





अधिवेशनका लागि पुस २५ गतेभित्रै निर्वाचन अधिकृत जिल्ला पुगिसक्ने घिमिरेले बताए । काँग्रेसले सप्तरीमा डा.रुद्र शर्मा, सिराहामा सञ्जीव लामा, धनुषामा अरुण ज्ञवाली, महोत्तरीमा इन्द्र अधिकारी, सर्लाहीमा धिरेन्द्र चौधरी, रौतहटमा दीपकराज गिरी, पर्सामा नरेन्द्र केसी, बारामा ज्ञानेन्द्रप्रसाद अधिकारी, कैलालीमा टेकप्रसाद सुवेदी, अछाममा देवराज भट्ट र बाँकेमा रेवतीरमण भट्टराई जाँदैछन् । चितवनमा भने निर्वाचन अधिकृत तोक्न बाँकी छ ।

मकवानपुरमा गोवी सुवेदी, सिन्धुपाल्चोकमा देव महत र सिन्धुलीमा लेखबहादुर खड्का अधिवेशन गराउन जाँदैछन् । जिल्ला अधिवेशन नजिकिदै गर्दा आकांक्षीहरुको दौडधुप बढेको छ । महाधिवेशनबाट प्रधानमन्त्री शेरबहादुर देउवा दोस्रोपटक सभापति निर्वाचित भएका छन् । निकटतम प्रतिद्वन्द्वी भने डा.शेखर कोइराला थिए । केन्द्रकै समीकरण जिल्लासम्म पुगेका नेताहरुले बताएका छन् ।

> मंसिर अन्तिम साता १४औं महाधिवेशन गरेको नेपाली काँग्रेसमा पुरानै गुटगत शक्ति संघर्ष सतहमा आएको छ ।

बाँकी जिल्ला अधिवेशनमा सभापति देउवा भर्सेस नेता कोइराला समूह बनेको छ । प्रदेश-२ मा विमलेन्द्र निधिले पहिले अलग्गै उम्मेद्वार खडा गरेका थिए । तर देउवालाई समर्थन गरेपछि अब उनको समूह संस्थापनमा मिसिएको छ । रामचन्द्र पौडेल, प्रकाशमान सिंह, शशांक कोइरालाहरुले पनि देउवालाई समर्थन गरेका छन् । त्यसैले जिल्ला अधिवेशनमा देउवा विरुद्ध कोइराला समूह मैदानमा उत्रिएका छन् ।

सभापति पराजित भएपछि डा.शेखरले चार वर्षसम्म नेतृत्वसँग भाग नमाग्ने बताएका थिए । यसले सभापति देउवालाई सबैलाई समेटेर लैजानुपर्ने चुनौती आइलागेको थियो । तर सभापतिमा पराजित शेखरलाई २०औं वरियतामा राखेपछि संस्थापन इतर समूह असन्तुष्ट बनेको छ । यसको असर जिल्ला अधिवेशनमा देखिने प्रष्ट भएको छ ।

यो शक्ति संघर्ष झनै बढेर जाने संकेत देखिन्छ । किनभने सभापति देउवाले ३३ जनालाई

– बाँकी पृष्ठ २ मा

### माओवादी महाधिवेशन

## प्रचण्डको देवत्वकरणदेखि आलोचनासम्म

प्रज्ञाभवन कमलादीमा जारी नेकपा माओवादी केन्द्रको आठौं राष्ट्रिय महाधिवेशनमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको देवत्वकरणदेखि आलोचनासम्म भएको छ । समूहगत छलफलका क्रममा कतिपयले भने प्रचण्डयुग घोषणाकै माग गरेका थिए ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ पुस ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रस्तुत गरेको राजनीतिक-वैचारिक प्रतिवेदनमाथि ११ समूहको प्रस्तुति गरिएको छ । बुधबारसम्म ११ समूहको प्रस्तुति सकिएको छ । बाँकी १४ समूहको प्रस्तुति बिहीबार हुनेछ ।

आइतबार शुरु भएको आठौं महाधिवेशनमा प्रचण्डले सोमबार प्रतिवेदन पेश गरेका थिए । उक्त प्रतिवेदनमाथि समूहगत छलफलका लागि २५ समूह बनाइएको थियो । समूहगत छलफल सकिएपछि बन्दसत्र हलमा बुधबारदेखि प्रस्तुति शुरु भएको छ । प्रचण्डले नेतृत्वको आत्मसमीक्षा सहित समाजवादमा पुग्ने नेपाली बाटोको राजनीतिक प्रतिवेदन पेश गरेका छन् ।




उक्त प्रतिवेदनमा समूहगत छलफलमा १६ सय बढी प्रतिनिधिले भाग लिएका थिए । ती प्रतिनिधिहरुको सुझाव नेताहरु समक्ष प्रस्तुत गरिदैछ । समूहको निष्कर्ष प्रस्तुत गर्ने क्रममा कतिपय नेताहरुले भने प्रचण्डयुग घोषणाकै माग राखेका थिए । बागमती प्रदेश अध्यक्ष सरल सहयात्री पौडेलले प्रचण्ड विचारधारा र प्रचण्ड युग घोषणाको प्रस्ताव गरेका थिए । उनले प्रचण्डपथ र २१औं शताब्दीको जनबादलाई समाजवादको विचार बनाउनुपर्ने प्रस्ताव गरेका थिए । प्रचण्डले भने प्रचण्डपथ बिना छलफल स्थगित गरिएपनि अब त्यसतर्फ नफर्कने बताएका थिए ।

कतिपय नेताहरुले भने पार्टीमा उमेर हद र नेतृत्वको अवधि तोक्नुपर्ने सुझाव राखेका छन् । अध्यक्षमा फेरि पनि प्रचण्डलाई कसैले चुनौती नदिने अवस्था कायम रहेका बेला प्रतिनिधिहरुले भने उमेर हद र दुई पटक भन्दा बढी एउटै पदमा रहन नहुने समेत प्रस्ताव राखेका थिए । नेकपा एमालेमा ७० वर्षे उमेर हद र एउटै पदमा दुई पटक भन्दा धेरै दोहोरिन नपाउने वैधानिक व्यवस्था छ । नेपाली काँग्रेसमा उमेर हद नतोकिए पनि सभापतिमा लगातार दुई पटक भन्दा धेरै दोहोरिन नपाउने व्यवस्था छ ।

तर माओवादी केन्द्रको नेतृत्व भने प्रचण्डले लगातार ३४ वर्षदेखि गरिरहेका छन् । समूहगत सुझावका क्रममा सशस्त्र द्वन्द्वका शहीद

– बाँकी पृष्ठ २ मा

## इच्छाराजलाई पुर्पक्ष थुनाको आदेश

**काठमाडौं/मस–** पूर्वसांसद इच्छाराज तामाङलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ । काठमाडौं जिल्ला अदालतले सिभिल सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ्सका संस्थापक अध्यक्ष तामाङलाई पुर्पक्षाका लागि थुनामा पठाउने आदेश दिएको हो । सञ्चालक समितिका अध्यक्ष केशवलाल श्रेष्ठलाई पनि पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिइएको छ ।

नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरोका अनुसार, सहकारीमा बचत गर्नेहरुको रकम ठगी गरेको आरोपमा तामाङ र श्रेष्ठलाई पुर्पक्षमा पठाउने आदेश भएको हो । अन्य ९ जनालाई धने धरौटीमा छोडिएको छ । एक जना भने साधरण तारिखमा छुटेका छन् ।

पूर्व लेखा समिति सदस्य हरिहर लामिछाने ५० लाख धेरौटीमा छुटेका छन् । यस्तै सिभिल होम्सका वरिष्ठ प्रबन्धक विजयबिक्रम शाह १५, जुनियर असिस्टेन्ट म्यानेजर एलिना तुलाधर ५ लाख, मायोनानी महर्जन ५ लाख र सहजकर्ता प्रबन्धक भगवानबहादुर सिंह १० लाख धरौटीमा छुटेका छन् । जुनियर अधिकृत शंकरप्रसाद पाठक २ लाख ५० हजार, लेखा अधिकृत राकेश महर्जन ५० हजार, जुनियर सहायक प्रबन्धक बुद्धराज तामाङ ५ लाख र कौस्तुभ केतन ढुंगाना ५ लाख धरौटीमा छुटेका छन् । असिस्टेन्ट संगीत श्रेष्ठ भने साधरण तारेखमा छुटिन् ।

सीआईबीले ठगीको आरोपमा ५ अर्ब ६७ करोड बिगो माग दाबी सहित मुद्दा दायर गरेको थियो । त्यही मुद्दाका आधारमा तामाङ र श्रेष्ठलाई पुर्पक्षका लागि थुना आदेश दिएको हो । ठगी भएको भन्दै १,४९९ जनाले किटानी जाहेरी दिएका थिए ।

## अनुगमन नहुँदा पाइलै पिच्छे कामदार ठगिए : मन्त्री खड्का

**काठमाडौं/रासस–** परराष्ट्रमन्त्री डा नारायण खड्काले वैधानिकरुपमा वैदेशिक रोजगारीका निम्ति विश्वका ७६ देशमा पुगेका नेपालीको हकहितको रक्षा गर्दै सुरक्षित आप्रवासनका मुद्दालाई द्विपक्षीय एवं बहुपक्षीय मञ्चहरूमा सरकारले प्राथमिकताका साथ उठाउँदै आएको बताएका छन् ।

'कान्तिपुर आइएमई माइग्रेशन एण्ड रिमिट समिट'लाई राजधानीमा सम्बोधन गर्दै उनले आफ्नो भाग्य चम्काउन अन्तर्राष्ट्रिय श्रम बजारमा पुगेका नेपालीका समस्या समाधान गर्न परराष्ट्र र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समन्वयात्मक ढंगले काम गरिरहेको बताए ।

'फ्रि भिसा, फ्रि टिकट' प्रणालीलाई व्यवस्थित गर्न दुबै मन्त्रालयबीच घनीभूत छलफल एवं नीतिगत सहकार्य हुनुपर्नेमा जोड दिँदै उनले विप्रेषणको मूल्य नेपालीले विदेशमा ज्यान गुमाएर चुकाएकाले त्यसलाई बेवास्ता गर्न नसकिने बताए । 'अनुगमन र मूल्यांकनको अभावमा पाइला-पाइलामा नेपाली युवायुवती ठगिएका छन्,' त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलबाटै नेपालीले चुनौतीको सामना गर्नुपरेका कटु यथार्थ सुनाउँदै उनले भने ।

सीपयुक्त दक्ष जनशक्तिलाई रोजगारी दिन विभिन्न देशले नेपाल सरकारसँग आग्रह गरेको, नेपालीको इमान्दारिता एवं परिश्रमको कदरसमेत गरेको बताउँदै मन्त्री खड्काले भने, 'पाकिस्तानी र बंगलादेशीभन्दा नेपालीलाई रोजगारदाता राष्ट्रले रुचाएका छन् ।'

विश्वको श्रम बजारमा ६० वर्षभन्दा माथिका पुस्ताको संख्या अधिक भएको र श्रमिकको आवश्यकता बढिरहेको सन्दर्भमा दक्ष जनशक्ति विदेश गएमा आम्दानी पनि बढ्ने उनले बताए । श्रम बजारमा नेपालीको माग बढिरहेको वास्तविकतातर्फ संकेत गर्दै उनले नेपालीको माग बढेको बताए ।

वैदेशिक रोजगारीका समग्र पक्ष, मुलुकको कूल गार्हस्थ्य उत्पादनमा विप्रेषणको योगदान, अनुत्पादक क्षेत्रमा त्यसको उपयोग, खाडी देश र मलेसियामा अधिकतम नेपालीले झेल्नुपरेका समस्या, अतिरिक्त समय श्रम गरेबापत पाउनुपर्ने पारिश्रमिक उपलब्ध नगराउने रोजगारदाताका अन्यायपूर्ण व्यवहार, श्रमिक महिलाका पीडा, गैरकानूनीरुपमा विदेश पुगेर आपराधिक मुद्दा लागेकादेखि मातृभूमिमा परिवारमा आएका सामाजिक विखण्डनलगायत राष्ट्रले

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## मानव तस्करी, लागू औषधको हाराहारीमा

**प्रदिप आचार्य/मध्यान्ह**
बुटवल, १४ पुस

मानव बेचबिखन तथा ओसारपसारका आयाम तथा स्वरुप फेरिएकाले नियन्त्रणमा चुनौती थपिएको जनाइएको छ । वैदेशिक रोजगार, होटल, रेष्टुराँ, बारमा काममा लगाउने नाममा नक्कली विवाह गर्नेजस्ता कार्यले यसको नियन्त्रणका लागि समस्या थपिएको हो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आयोजनामा बिहीबार

– बाँकी पृष्ठ २ मा

UAE मा Security Guard हरुलाई वैदेशिक रोजगारको अवसर




कम्पनी: AL NAJMA AL FAREEDA INTERNATIONAL SECURITY LLC, DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०६/१४ चलानी नं.: ६०१६४४८७ LT. No.: 247380 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३८,९२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता न्यु डाईमण्ड होटेल तिलितोमा रूपन्देहीमा, २०७८ पुस २२ गते (6 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Govt Lic. NO. 647/063/064
E-mail : sharonhrsolution@gmail.com, sharonmanpower2@gmail.com

# तमु ल्होसार पर्व मनाइँदै, सार्वजनिक विदा



**काठमाडौं/मस**–गुरुङ समुदायले पुरानो वर्षलाई बिदाइ गरी नयाँ वर्षलाई स्वागत गरेर पुस १५ गते 'तमु ल्होसार' पर्व मनाउँदैछन् ।

'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ फेरिने भएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको गुरुङ समुदायका मानिसको विश्वास छ । 'तमु ल्होसार' पर्व सूर्यको किरणसँग सम्बन्धित छ ।

गुरुङ बाहुल्य रहेको लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वतलगायत जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको हो ।

यसपछि क्रमशः तामाङ र शेर्पा जातिको बसोवास भएको क्षेत्रमा सूर्यको ताप आउने भएकाले माघ र फागुनमा यो पर्व मनाइने विश्वास गरिन्छ । पुस १५ गतेको रात सबैभन्दा लामो हुने र यसपछिका रात घट्दै जाने भएकाले पनि यस पर्वको महत्व रहेको बताइन्छ । यस अवसरमा टुँडिखेलमा विशेष कार्यक्रम आयोजना गरिँदै आइएको छ ।

यसैबीच सरकारले तमु ल्होसारका अवसरमा आज सार्वजनिक बिदा दिएको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले बिहीबार सार्वजनिक बिदा दिने निर्णय गरेको गृहमन्त्रालयद्वारा प्रकाशित सूचनामा जनाइएको छ ।

तमु ल्होसारका अवसरमा देशभरका सरकारी कार्यालय तथा सार्वजनिक निकायमा बिदा दिने निर्णय सरकारले गरेको मन्त्रालयको सूचनामा जनाइएको छ ।

# नेवाः देय दबूको केन्द्रीय विधान अधिवेशनको अन्तिम तयारी

**पवन जयसवाल/मध्यान्ह**
नेपालगञ्ज, १४ पुस

बाँकेको नेपालगञ्जमा शुक्रबार हुने नेवाः देयः दबूको केन्द्रीय विधान अधिवेशनको अन्तिम तयारी गरिएको छ । पुस १६ गतेका दिन नेपालगञ्जमा नेवाः देयः दबू बाँकेको आतिथ्यमा उक्त विधान अधिवेशन हुन लागेको हो ।

नेवारी भाषा, कला, संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यका साथ स्थापित नेवार हरुको साझा छाता संगठन नेवाः देयः दबू बाँकेका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठको संयोजकत्वमा गठित विभिन्न समितिहरुले आ-आफ्ना जिम्मेवारीका कामको अन्तिम तयारी गरिरहेका छन् ।

नेवाः देयः दबू बाँकेका अध्यक्ष तथा स्थानीय नागरिक अगुवा कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा यहाँ दिनहुँजसो अधिवेशनको तयारीका बारेमा समितिका संयोजक तथा पदाधिकारीहरुसँग बैठक आयोजना गरेर छलफल गरिएको छ। त्यसैगरी बाँके जिल्लाका नेवारहरुको प्रतिनिधिमूलक संस्था नेवाः देय दबू र नेवाः पुचः बाँके र जिल्लामा छरिएर रहेका नेवारहरुको १४ वटा गुठीका अध्यक्ष तथा प्रतिनिधिहरुसंग पनि विधान अधिवेशनको तयारीको समन्वय, व्यापक छलफल र सहयोग लिने काम भएको नेवाः देयः दबू बाँकेका अध्यक्ष तथा मूल आयोजक समितिका संयोजक श्रेष्ठले जानकारी दिए ।

यसअघि भएका बैठकहरुमा केन्द्रीय कार्यसमितिबाट जिम्मेवारी पाएका केन्द्रीय उपाध्यक्ष चन्द्रलाल राजभण्डारी पनि सहभागी भई जानकारी लिने र समितिहरुलाई हौसला दिने गरेको अध्यक्ष श्रेष्ठले बताए । अधिवेशनमा सहभागी हुन नेवाः देयः दबूका केन्द्रीय अध्यक्ष नरेश कुमार ताम्राकारको नेतृत्वमा केन्द्रीय पदाधिकारीहरु बिहीबार बिहान नेपालगञ्ज पुग्दैछन्। शुक्रबार नै अध्यक्ष ताम्राकारको अध्यक्षतामा केन्द्रीय कार्यसमितिको बैठक पनि हुँदैछ ।

नेवाः देयः दबू बाँकेका सल्लाहकार पूर्ण लाल चुकेले दिएको जानकारी अनुसार विधान अधिवेशनमा ६८ जिल्लाका करीब ४ सय जना प्रतिनिधिहरु सहभागी हुने अधिवेशनलाई भव्यता र सफलताका साथ सम्पन्न गराउनका लागि गठन गरिएको विभिन्न ११ वटा समितिका संयोजकहरुले आ-आफ्नो समितिले गरेका तयारीका बारेमा जानकारी गराएका छन् ।

झाँकी व्यवस्थापन समितिका संयोजक नरेन्द्र श्रेष्ठले दिएको जानकारी अनुसार मगर, गुरु, थारु, पञ्चे बाजा, शिख समुदाय लगायतको जातिय संस्कृति झल्किने खालका झाँकीहरु उद्घाटन पूर्व आयोजना गरिने विशाल र्‍यालीमा सहभागी गराइनेछ । साथै भेरी इ.मि. हाईस्कुलबाट पाँच कुमारी समेत सबै जातजातिलाई समेटेर तयार गरिने झाँकीहरु प्रदर्शन गरिने श्रेष्ठले बताए ।

काठमाडौंबाट पनि नेवारहरुको अत्यन्तै लोकप्रिय र चर्चित नृत्य लाखे नाच, धिमे बाजागाजा सहित कुमारी नाच, टिपिकल नेवारी नृत्य पनि अधिवेशन पूर्व आयोजना गरिने र्‍यालीमा प्रदर्शन गरिने कुरा केन्द्रीय उपाध्यक्ष चन्द्रलाल राजभण्डारीले जानकारी दिए ।

नेवाः देयः दबू बाँकेका सल्लाहकार अशोक कर्माचार्यले दिएको जानकारी अनुसार नेवाः देयः दबू बाँकेका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा ३०१ सदस्यीय मूल समिति, ७१ सदस्यीय सल्लाहकार समिति, २१ सदस्यीय कार्यान्वयन समिति गठन गरिएको छ ।

त्यसैगरी अध्यक्ष श्रेष्ठको अध्यक्षता तथा नेवाः पुचः बाँकेका उपाध्यक्ष जितेन्द्र कुमार जोशी समेत रहेको सचिवालय समिति, नेवाः मिसाः दबू, बाँकेकी अध्यक्ष शोभा श्रेष्ठको संयोजकत्वमा सगुन व्यवस्थापन समिति, कोषाध्यक्ष विकल श्रेष्ठको संयोजकत्वमा आर्थिक व्यवस्थापन समिति, सल्लाहकार मनोज श्रेष्ठको संयोजकत्वमा मञ्च व्यवस्थापन समिति, नरेन्द्र श्रेष्ठको संयोजकत्वमा झाँकी व्यवस्थापन समिति, ज्ञानेन्द्र कुमार श्रेष्ठको संयोजकत्वमा अतिथि सत्कार व्यवस्थापन समिति, सूर्य कुमार श्रेष्ठको संयोजकत्वमा स्वयम्सेवक व्यवस्थापन समिति, पत्रकार समीरमान श्रेष्ठको संयोजकत्वमा प्रचार प्रसार समिति, रुपक श्रेष्ठको संयोजकत्वमा फोटो तथा भिडियोग्राफी समिति, दिपेन्द्र जोशीको संयोजकत्वमा आवास व्यवस्थापन समिति र प्रेमलाल श्रेष्ठको संयोजकत्वमा भोजन व्यवस्थापन समिति गठन गरिएको छ ।

**कतारमा रोजगार** | कम्पनी: GROUP SECURITY SYSTEM CERTIS CISCO INTERNATIONAL
शहर: QATAR
पूर्व स्वीकृत मितिः २०७८/०८/०७ | चलानी नं.: ६०१६८४८५ | LT. No.: 251665 | पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 10 | स. काममा दक्ष | 1500 | ४९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

यसै कम्पनीको लागि Female Security Guard र CCTV Operator हरूको पनि माग भै आएकोले इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ पौष २२ गते (6 January 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DYNAMIC STAFFING SOLUTION NEPAL (P) LTD.
Gov. Lic. No.: 896/067/068
डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि.
Town planning, Samakhushi, Kathmandu | Tel. No.: 01-4357828, 4359518
Mob: 9813435858, 9841402665 Email : info@dssnepal.com.np

**कतारमा रोजगारको अवसर** | कम्पनी : QATAR BUILDING COMPANY
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७७/१०/१२ | चलानी नं.: ६०१५४२५५ | LT. No.: 235817 | पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 2 | 0 | | 1100 | ३५,९९२ | | | | | | | |
| 3. | Mason | 3 | 0 | | 1100 | ३५,९९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २२ गते (6 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.
पो. ब. नं.: १९१२२, फोन नं.: ०१-५९०२३४४, ५९०२३४५ । सुकेधारा-०४, काठमाडौं, नेपाल
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com
श्रम इजाजत नं. १०७८/०७३/०७४

प्रदेश सरकार
उद्योग पर्यटन तथा वन मन्त्रालय
**प्रदेश वन निर्देशनालय**
प्रदेश २, जनकपुरधाम, धनुषा

**विषय :– फलफूल विरुवाहरु खरिद सम्वन्धि दरभाउ पत्रको सूचना ।**

प्रथम पटक प्रकाशित मितिः २०७८।०९।१५

यस निर्देशनालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार फलफूल विरुवा खरिद तथा वितरण (वन तथा वातावरण संरक्षण निर्माण) कार्यको लागि आँप तथा लिचि जातको ५००० गोटा (कन्टेनजेन्सी समेत बजेट रु. १० लाख) दुई वर्षे गुणस्तरीय फलफुल विरुवा शिलवन्दी दरभाउ पत्र द्वारा खरिद तथा पर्सा, वारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी सम्म ढुवानी समेत गरि वितरण गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इजाजत प्राप्त व्यक्ति, संघ-संस्था वा फर्मले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रदेश वन निर्देशनालय प्रदेश नं. २ जनकपुरधामवाट दरभाउपत्र फारम खरिद गरी १६ औ दिनमा यस निर्देशनालयमा दाखिला गर्न आव्हान गरिन्छ । दाखिला गर्ने दिनमा विदा पर्न आएमा सोको भोलिपल्ट दाखिला गर्नु पर्नेछ । विस्तृत जनकारीको लागि यस निर्देशनालयमा सर्म्पक गर्नुहोला ।

Hilton Academy Pvt.Ltd.
A great place for career
HOSPITALITY TRAINING
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौ

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

**UAE मा Armed Guard हरुलाई रोजगार**
कम्पनी: GLOBAL SECURITY SERVICES GROUP, ABU DHABI
पूर्व स्वीकृत मिति: २०७६/०४/०५ | चलानी नं.: ६०१४२०१४ | LT. No.: 222474
पून: स्वीकृत मिति: २०७८/०९/१४ | चलानी नं.: ५१६ | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 200 | स. काममा दक्ष | 2000 | ६४,८८० | क.न. अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
Basic Salary AED 2000 र Other Allowance AED 1000 सहित AED 3000 कमाउन सकिनेछ ।
फाइनल अन्तरवार्ता मेनपावर कार्यालय काठमान्डौमा मिति २०७८ पौष २१ गते (5 Jan. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SUNERA NEPAL INCORPORATED PVT. LTD.
Govt. Lic No.: 367/059/060
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134, 01-5908135, 9851002973
9841458759, 9843592658 | Email ID: info@suneranepal.com, Website: www.suneranepal.com

**साउदीमा रोजगार** | १. कम्पनी : Three Trees Company To Serve Drinks
शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०९/१४ | चलानी नं.: ६०१७१५५२ | LT. No.: 253890

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 1300 | ३२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : CIT Limited Branch | शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०९/१३ | चलानी नं.: ६०१७१५५३ | LT. No.: 255053

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 7 | 0 | स. काममा दक्ष | 1000 | ३२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ पुस २२ गते (6 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Believable Overseas Pvt.ltd.
इजाजत नं. १२८३/०७४/०७५
Maharajgunj , Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501

**साउदीमा रोजगार** | १. कम्पनी : REST PIONER SPORTS CENTER
शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०९/१३ | चलानी नं.: ६०१७५५५० | LT. No.: 254679

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : UNIONPOWER TRADING & CONTRACTING CO | शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०९/१४ | चलानी नं.: ६०१७५५६० | LT. No.: 255101

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष २२ गते (6 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Elite Human Resource Pvt. Ltd.
श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal
Tel: 01-4387995, 4389849, 4383362, Mob.: 9851072628, 9808875634
9803031722, Email:elitehrnepal@gmail.com, www.ehr.com.np

**साउदीमा रोजगारको अवसर** | कम्पनी : QIMAH BAYDA EST शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०९/१३ | चलानी नं.: ६०१७१५५९ | LT. No.: 254822

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 3 | 0 | स. काममा दक्ष | 2000 | ६३,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २२ गते (6 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.
श्रम ईजाजत नं.: ५१५/०६१/०६२।
सिनामंगल, काठमाण्डौ । फोन नं. : ४९८४३३९

**साउदीमा रोजगारको अवसर** | कम्पनी : Saraya Sara Sea Food Restaurant
शहर: YENBU
पूर्व स्वीकृत मितिः २०७८/०९/१४ | चलानी नं.: ६०१७१५६२ | L.T. No.: 254982

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस २२ गते (6 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

EQUATOR International Pvt. Ltd.
LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल
Tel No: 014986469 / 014986470 | Mob. No: 9851096808, 98510-34986
Email: equator746@gmail.com | Website: www.equatorintl.com

## सम्पादकीय

# अवसरमा बदल्ने अवसर

मंगलबार साँझबाट देशभर वर्षा भइरहेको छ । वर्षाका कारण उच्च पहाडी तथा हिमाली जिल्लाहरूमा हिमपात भएको छ । राजधानी उपत्यका सहित मध्य पहाडी भूभागमा बुधबार दिनभर वर्षा भयो । लगातारको वर्षाका कारण जनजीवन नराम्रोगरी प्रभावित बनेको छ । हिउँदे वर्षा भएका कारण अत्याधिक जाडो बढेको छ । जाडोले निम्न आय वर्ग नागरिक बढी प्रताडित बनेका छन् । अझ बालबालिका र बृद्धबृद्धा जोगाउनुपर्ने चिन्ता थपिएको छ । तराइ मधेशका जिल्लाहरूको जनजीवन त्यसैपनि कष्टकटर बन्दै गएको थियो । चिसोका कारण शितलरको समस्या थियो । अझ वर्षाका कारण जनजीवन कष्टकर बनेको छ ।

वर्षा प्रकृतिको नियमित प्रक्रिया र कृषिजन्य उपजका लागि आवश्यक पनि छ । तर यसले दैनिकी भने प्रभावित बन्न पुग्छ । त्यसैले यसबारे सरकार र सरोकारवालाहरूले बेलैमा सोच्न जरूरी थियो । तर पूर्वतयारी कमजोरी रह्यो । शितलहरको समस्या उत्कर्षमा पुग्दै गर्दा प्रदेश-२ सरकारले दाउराको जोहो गर्ने निर्णय गरेको थियो । अन्य प्रदेश र स्थानीय सरकारले यसबारे कुनै निर्णय गरेको सुनिएन । जबकी मुलुकमा ७६१ वटा सरकार छ । मुलुक संघीयतामा गएपछि धेरै सरकार बनेकाले आर्थिक बोझ बढेको आलोचना व्यवस्थामाथि थोपरिने गरेको छ । तर यसलाई सामाजिक रूपान्तरण र आर्थिक विकास मार्फत् मानव जीवन सहज बनाउने अवसर पनि हो । जुन अवसरको उपयोग सरकारहरूले गर्न सकेको छैन ।

यसअघिका बिपतबाट नागरिक उद्धार र पुनर्स्थापना मात्रै नभएर विकासे काममा समेत प्रदेश र स्थानीय सरकार चुक्ने गरेको थियो । विशेषगरी विश्वव्यापी कोरोना महामारीका बेला यथोचित भूमिका स्थानीय र प्रदेश सरकारले देखाउन सकेन । संघीय सरकार त्यसैपनि आलोचित हुँदै आएको छ । विकास केन्द्रिकरण भएकै कारण समस्या आएको निष्कर्ष सहित मुलुक संघीयतामा गएको अनुभूति दिलाउन सकिएन । तर अवसर एकपटक मात्रै आउदैन । जब मानव जीवनमा समस्या आइपर्छ, तब नागरिकको जीवनरक्षा गर्ने अवसर समेत हो । अतः बिगतमा जस्तो कमर्ण्यता प्रकट भएपनि यसपटकको समस्या हल गर्न सकेमा फेरि पनि नागरिक विश्वास जित्न सकिन्छ । नागरिकको जीवन रक्षा परम्परागत सत्ताकै पनि दायित्व हो भने नयाँ अभ्यास स्थापित गर्न'लाई ठूलो अवसर हुँदै हो ।

# पूर्वीय दर्शनको आँखामा यौन

नेपालमा एड्ससम्बन्धी रोग निराकरणका लागि विगत ५ वर्षमा मात्रै ११ करोड ४७ लाखभन्दा बढी युएस डलर रकम छुट्याइसकेको एक तथ्यांक छ । बढी संक्रमित हुने हाम्रो सन्दर्भमा १५ देखि ४० वर्ष समूहका किशोर किशोरीहरु छन् ।

**अग्रलेख**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

एक्वायर्ड इम्युनो डेफिसियन्सी सिण्ड्रोम अर्थात् एड्सले बीसौं शताब्दीको अन्त्यदेखि विश्वको ध्यानाकर्षण गराएको छ, यो समस्या हो शरीरको, संसारको भनौं सबैको । त्यसो त समस्या संसारको धेरै छ, गरिबी, अशिक्षा, अशान्ति, विभिन्न प्रकोप, रोग, यसमा पनि बढी मधुमेह, उच्च रक्तचाप, क्यान्सर, कोरोना, ओमिक्रोन भाइरस थरि थरि छन् भयावह सिर्जना गर्ने । निद्रा हराम गर्ने त्रासदीय सन्नाटाहरु, उर्फ यो संसारमा मान्छे किन जन्मन्छ झण्डै आठ अर्ब केवल मर्नकै लागि हो त ? उसो भए मंगल ग्रहको खोजी र नासाको यात्रा नै किन ? त्यसो त यो देखिएको संसार एउटा हो विज्ञानले भनेको, पूर्वीय दर्शनले त अनेकौं ब्रह्माण्ड अनेकौं सूर्य छ भनेको छ, कम से कम १२ सूर्यका नाम त अहिले पनि तोकिएकै छ भानु, भाष्कर, रवि आदि ।

त्यसो त एड्सको ओखती थिएन जतिबेला १२ वर्ष मुस्किलले मान्छे बाँच्थ्यो, जहिलेदेखि यसको संकेत देखियो । अब विज्ञानले ओखती पत्तो लगायो र पनि रोग छ, मर्नेको संख्या घटायो, संक्रमण त बढेकै छ, र त हरेक दिन १४ हजारको संख्याले मापन हुन्छ एड्स संक्रमणको संख्या । सन् १९८१ मा जतिबेला अमेरिकामा संक्रमण देखियो, औषधि थिएन, अहिले ओखती छ यसको र नियमन र रोकथाम गर्ने निकाय पनि धेरै छन् । हाल संसारमा ३ करोड बढी संख्यामा संक्रमित छन् र आफू संक्रमित भएका मध्ये ७० प्रतिशत मान्छे थाहै पाउँदैनन् संक्रमित छु भन्ने । पहिले त परीक्षणमा पनि डराउँथे, परिक्षण र ओखती निःशुल्क छ अहिले ।

पुरुषले पुरुषैसँग गर्ने यौन सम्मर्क, सुईबाट नसालु औषधि सेवन, असुरक्षित यौन सम्पर्क, परीक्षण बिनाको रक्त दान, रोजगारीमा छलाङ्ग मार्ने गरी स्वदेश, विदेशको भागदौड, सवारी चालकहरुसँगको जथाभावी यौन आकर्षण र सम्पर्क धेरै छन् यसको वृद्धिका कारणहरु । त्यसो त एचआइभि एड्सका केही विधिहरु पनि छन् निराकरणका लागि जसलाई एबिसी मेथडको नामले सम्झन सजिलो छ । 'ए'को अर्थ एक्सटिनेन्स भनौं यौन सम्पर्कै नगर्ने, 'बि'को अर्थ विट्विन टू पार्टनर भनौं श्रीमान् श्रीमती मात्र र 'सि'को अर्थ हुन्छ कोण्डम अर्थात् सम्पर्क गर तर, कोण्डम प्रयोग गरेर ।

सन् १९८८ देखि विश्व तात्यो यसमा र हरेक वर्ष डिसेम्बर १ लाई यसको दिवसका रुपमा मनाउन पनि थाल्यो । नेपालमा स्वास्थ्य मन्त्रालयअन्तर्गत राष्ट्रिय एड्स तथा यौन नियन्त्रण केन्द्रले यसबारे काम गरिरहेको छ, । यसका अनुसार ०७७ को एड्स दिवस मनाइरहँदा पुरुष १७ हजार ५८७ र स्त्री ११ हजार ९१६ गरी जम्मा २९ हजार ५०३ जनाको संक्रमित संख्या बताएको थियो । यहाँ ८० प्रतिशत संक्रमितहरु असुरक्षित यौन सम्पर्कबाटै हुने गरेका छन् । यसको जोखिममा ५ प्रतिशत छन्, ०७७ असार सम्मको तथ्यांकमा ६६ प्रतिशत अर्थात् १९ हजार ४०० जना मात्र उपचारमा संलग्न भएका र हाम्रो सन्दर्भमा वृद्धि दर १ प्रतिशतभन्दा कम छ । सन् २०१० को तुलनामा सन् २०१९ मा आइपुग्दा नयाँ संक्रमणको दर ६४ प्रतिशतले घटेको छ । बालबालिकामा भने यो क्रम ८५ प्रतिशतले कमी आएको छ । एड्सले नै मर्नेको संख्या ८५ प्रतिशतले घटेको छ । यो पंक्तिकारले जतिबेला झण्डै ३० वर्ष अघि यससम्बन्धी एक अध्ययनमा संलग्न भई प्रतिवेदन बुझाउँदै थियो, सम्बन्धित निकायमा, स्थिति भयावह थियो, अहिले करिब सामान्य देखिन्छ यस विषयमा ।

करिब २२ वर्ष अघि यो शताब्दीको शुरुतिर १४ देखि ५० वर्ष उमेर समूहका विश्वका ३ करोड ६१ लाख मानिसहरु यसबाट संक्रमित भइ बाँचिराखेका थिए भने यसमा आधा संख्या महिलाकै देखिन्थ्यो । सन् २००४ मा आइपुग्दा ३० लाखले एचआइभि एड्सबाट ज्यान गुमाए । जहाँ गरिबी र अशिक्षा छ, यौनधन्दा बढी हुने, चेलीबेटी बेच बिखन



> पूर्वीय दर्शनले यौनलाई आजको जस्तो खुला राखेको थिएन । विवाहपूर्व यौनसम्पर्क गर्नुलाई पाप भनेको थियो । आजको जस्तो बिहेबारीमा उमेरको ढिलाइ पनि थिएन, दिदी बहिनीहरु केटा साथी बनाउन हम्मेसी तयार हुन्नथे । विभिन्न कथा कुथुँग्रीहरु बनाएर यसबारे सतर्क रहने गरी शिक्षा दिन्थे, हाम्रा पूर्वजहरु । बाबु-आमाको इज्जत, प्रतिष्ठा सम्झन्थे, बहकाउमा नलाग्न नैतिक शिक्षा दिन्थे ।

हुने, खुला सिमाना कारण मानव ओसार पसार, वेश्यावृत्ति, शिक्षा आर्जनको चाहनामा शिक्षकहरुबाटै यौन तृष्णा, आफन्तबाटै यौन पिपासुको घेराबन्दी, लैंगिक विभेद, पर्यटन, पर्यटकको देखासिकी, धेरै खर्च बर्चको चाहना, व्यापारिक काम, पेशागत काम कारबाहीले स्त्री पुरुषको सदाबहार भेटघाट, धेरै विषय गुप्त रहने, पद, प्रतिष्ठाको लोभ र शारिरिक भोकले यौन कार्यलाई सामान्य रुपमा बुझिदिँदा पनि यस्ता रोगबाट मानिसलाई समस्या खडा गरेको देखिन्छ ।

धेरै यस्ता रोगी भएको स्थान अफ्रिका हो, बालबालिका पनि त्यहीँ बढी संक्रमित छन्, मृत्युको शिकार हुने संख्या त्यहीँ बढी छ । विश्व स्वास्थ्य संगठन भन्छ सन् २०१५ मा आइपुग्दा संसारमा ११ लाख मानिसले यो रोगबाट ज्यान गुमाए, यो रोग आफैंमा रोग नभएर इम्युन सिष्टमको कमजोरी, रोग प्रतिरोधात्मक क्षमताको कमी हो । नेपालमा यस सम्बन्धी रोग निराकरणका लागि विगत ५ वर्षमा मात्रै ११ करोड ४७ लाखभन्दा बढी यु एस डलर भनौं १० अर्ब ९ करोड रकम छुट्याइसकेको एक तथ्यांक छ, यस अघि पनि धेरै रकम विदेशीहरुले दिएका हुन् । बढी संक्रमित हुने हाम्रो सन्दर्भमा १५ देखि ४० वर्ष समूहका किशोर किशोरीहरु छन् । रोजगारीका सिलसिलामा धेरै जनशक्ति बाहिर रहेका, अपरिचतसँगको यौन सम्पर्कले यो रोग बोकी ल्याएका केसहरु पनि धेरै छन् ।

मारिबबाट लखेटिइका हुथी विद्रोहीहरुले पछिल्लो समयमा ताइज प्रान्तमा अखडा जमाउन थालेको सूचनाका आधारमा साउदी अरेबियाको नेतृत्वको सेनाले कडा मात्रामा निगरानी गर्ने गरेको बताएको छ । निरन्तरको यस्तो कारबाहीले मारिबबाट मात्र कम्तीमा ३५ हजार स्थानीय नागरिक भागेर अन्यत्रै पुगेका राष्ट्रसंघका विशेष दूत ह्यान्सले जानकारी दिएका हुन् ।

## दक्षिण कोरियामा जन्मदर कम हुँदै

**काठमाडौं/एजेन्सी-** दक्षिण कोरियामा जन्म दरमानिरन्तर कमी आएको देखिएको छ। अक्टोबरसम्मको हालै सार्वजनिक तथ्याङ्क अनुसार जन्म दरमा आएको निरन्तरको ह्रासले दक्षिण कोरियाको जनसाङ्ख्यिक सङ्कट निम्तिने चिन्ता कायमै रह्यो । कोरियाली तथ्याङ्क कार्यालयका अनुसार अक्टोबर महिनामा नवजात शिशुहरूको संख्या २० हजार ७३६ थियो र यो एक वर्ष पहिलेको भन्दा ५.२ प्रतिशतले कमी हो । सन् १९८१ मा तथ्याङ्क सङ्कलन गर्न थालिएपछि यो रिपोर्ट अहिलेसम्मकै सबैभन्दा कम हो ।

दक्षिण कोरियामा सन् २०१५ को डिसेम्बरदेखि ७१ महिनादेखि नवजात शिशुको संख्यामा कमी आएको छ । त्यहाँ विवाहमा ढिलासुस्ती हुने सामाजिक अभ्यासका कारण बच्चा जन्माउने उमेर पुगेका महिलाहरूको संख्या कम हुँदै गएको छ ।

बर्षभरी विवाहको संख्या ७.७ प्रतिशतले घटेको छ भने अक्टोबरमा १५ हजार २०३ जोडीको मात्र विवाह भएको सरकारी तथ्याङ्क छ। यो अक्टोबर महिनामा अझै बढी कम थियो । उल्लेखित महिनामा सम्बन्धविच्छेद गर्नेको संख्या १७.६ प्रतिशतले घटेर सात हजार ७०३ पुग्यो । यस वर्षको पहिलो १० महिनामा नवजात शिशुहरूको संख्या दुई लाख २४ हजार २१६ रहेको थियो, जुन गत वर्षको सोही अवधिको तुलनामा ३.६ प्रतिशतले कमी हो ।


**Invitation for Quotations**

**PANCHKHAL MUNICIPALITY**
**OFFICE OF MUNICIPAL EXECUTIVES**
**PANCHKHAL, KAVREPALANCHOK**
**BAGMATI PROVINCE, NEPAL**
**Date of publication: 2078/09/15**

1. The Panchkhal Municipality invites sealed quotations for the construction of

| IFQ NO. | Description of work | Estimated Amount (with VAT) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|
| PMW9/SQ/CW/01/078/079 | CHARPIPLE DANDAGAUN BIMIRE SADAK | 11,12,641.46/- | 30,000/- | 1000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Panchkhal Municipality Office[or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e- submission from PPMO's e-GP www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
**Name of the Bank: Nepal Bank ltd., Panchkhal Branch**
**Name of Office: Panchkhal Municipality.**
**Office Code no. : 30-365-15**
**Office Account no.: 12403000001001000001** (आन्तरिक राजश्व खाता) **for bid fee**
**12403000003000000001** (धरौटी खाता) **for bid security**
4. Sealed bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 12: 00 Noon on 2078/09/30.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2078/09/30 , 1:00 PM at the office of Panchkhal Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



**UAE र कतारमा बैदेशिक रोजगारको अवसर**

1. Com: MOTHERSON PKC HARNESS SYSTEM FZ-LLC — शहरः UAE, Sarjaha
पूर्व स्वीकृती मितिः २०७८/०९/१३ — LT. No. 254933 — चलानी नं.: ६०१७१४४९

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब UAE | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Helper | 100 | 200 | काममा दक्ष | 800 | २६,२०८ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

2. Com: Madina Group W.L.L. — शहरः Doha, Qatar
पूर्व स्वीकृती मितिः २०७८/०९/१४ — LT. No. 254923 — चलानी नं.: ६०१७१५४७

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | TECHNICIAN GEN | 30 | काममा दक्ष | 1100 | ३६,६०८ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०७८ पौष २२ गते (6 Jan, 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने /रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | नि शुल्क | नि शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

**डाईनामिक सेल्स एण्ड सर्भिस प्रा. लि.**
बसुन्धारा चौकी, काठमाडौं, नेपाल — श्रम ईजाजत नं.: १०९/०५४/०५५
फोन नं. : ४३५४६१४, ४३५६८३१, ४३५६६२५, फ्याक्स : ४३५५५७०



**Saudi Arabia मा रोजगारको अवसर**

१. कम्पनीः East Bridges Est. for Trading & General Contacting, Al Jubial, Saudi Arabia
पूर्व स्वीकृती मिति २०७८।०९।१३ — चलानी नं.: ६०१७१७०६ — LT.No. 254525

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव SR | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Decoration Carpenter | 01 | - | स. काममा दक्ष | 1200 | ३८,२१५ | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

१. कम्पनीः Rawabi Deira Est. for General Contracting, Al Jubial, Saudi Arabia
पूर्व स्वीकृती मिति २०७८।०९।१३ — चलानी नं.: ६०१७१७०५ — LT.No. 254526

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव SR | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 03 | - | स. काममा दक्ष | 1000 | ३१,८४५ | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.१०,०००।- |

अन्तर्वार्ता २०७८ पौष २२ गते (6 January 2022) मेनपावर कार्यालय सिनामंगलमा हुनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर बानेश्वरमा सम्पर्क राख्नु होला ।

**Focus Nepal Overseas Pvt. Ltd.**
Gov.Lic. No. 768/065/066
Sinamangal, Kathmandu, Ph.No.: 01-4579297, 4589028

# बक्स अफिस समाचार



## हिन्दी फिल्ममा काम गर्ने योजनामा राजेश हमाल

'चेहेरा' भारतीय निर्माता राजेश चौधरीले निर्माण गरेको हिन्दी गीत हो । गीतमा नेपालको समेत प्रशंसा गरिएको छ । निर्माता चौधरीले मिडियासँग कुराकानी गर्दै राजेश हमाल छिट्टै एउटा हिन्दी गीतमा पनि देखिने बताए ।

महानायक राजेश हमाल यतिबेला मुम्बई पुगेका छन् । हिन्दी गीत 'चेहेरा' सार्वजनिक कार्यक्रममा सहभागी हुन उनी सोमबार मुम्बई पुगेका हुन् । नेपाल र भारतमा खिचिएको गीतमा नेपाली मोडल नीति शाहको पनि अभिनय छ । गीत सार्वजनिक कार्यक्रम मंगलबार रहेको थियो ।

'चेहेरा' भारतीय निर्माता राजेश चौधरीले निर्माण गरेको हिन्दी गीत हो । गीतमा नेपालको समेत प्रशंसा गरिएको छ । निर्माता चौधरीले मिडियासँग कुराकानी गर्दै राजेश हमाल छिट्टै एउटा हिन्दी गीतमा पनि देखिने बताए । निर्माता चौधरीको हमाललाई लिएर एक फिल्म बनाउने योजना पनि छ । जसको तयारी समेत उनले गरिरहेको बताइन्छ । फिल्म भन्दा अगाडि भने हमाल हिन्दी गीतमा देखिन्छन् ।

सो अवसरमा भारतीय मिडियाले समेत राजेशसँग कुराकानी गरेको छ । कुराकानीको क्रममा राजेशले मुम्बई शहरले आफुलाई बेग्लै उर्जा दिने बताए । 'यस अगाडि पनि धेरै पटक मुम्बई आएको छु' हमालले भने 'यसपटक राजेश चौधरीको विशेष अनुरोधमा आएको हो ।' सो अवसरमा हमालले भारतीय मिडियासँग हिन्दी फिल्मका कलाकारको विषयमा समेत गफ केही बोलेका छन् ।

भारतीय सञ्चारकर्मीले 'हिन्दी फिल्ममा तपाईं कसको फ्यान हो ?' भनेर सोधेको प्रश्नमा हमालले भनेका थिए, 'हिन्दी फिल्ममा म सबै कलाकारको फ्यान हुँ । बलिउडमा धेरै राम्रो कलाकारहरु हुनुहुन्छ । तर, सबैको बाप त अमिताभ बच्चन हुनुहुन्छ । मुम्बई आफैंमा फिल्मको शहर हो । त्यसैले मुम्बई आउँदा मलाई खुसी महशुस हुन्छ ।'

पछिल्लो समय म्युजिक भिडियो धेरै र फिल्ममा कम देखिने गरेका हमाल नेपाली फिल्म 'सत्यम्' अभिनय तयारीमा छन् । फिल्म घोषणा भएको लामो समय भएपनि छायांकन भने शुरु हुन सकेको छैन ।

## १० औं नेपाल अफ्रिका फिल्म फेस्टिबल हुँदै




**काठमाडौं/मस-** १० औं संस्करणको नेपाल अफ्रिका फिल्म फेस्टिबल २०२२ आगामी फागुनको पहिलो साता काठमाडौंमा आयोजना हुने भएको छ । सो महोत्सबका लागि अफ्रिकी मुलुकबाट फिल्म आउने क्रम जारी छ । हालसम्म अफ्रिकाबाट तीन दर्जन भन्दा बढी फिल्म यो महोत्सबका लागि प्राप्त भईसकेको महोत्सब अध्यक्ष डा. मञ्जु मिश्रले जानकारी गराएकी छिन् ।

यो महोत्सब यसपटक कलेज अफ जर्नालिज्म र विलक्षण क्रियसनको आयोजनामा सम्पन्न हुने भएको छ। अफ्रिकालाई अफ्रिकी लेन्सबाटै हेर्नु पर्छ भनेर आफुहरुले नेपालमा नेपाल अफ्रिका फिल्म महोत्सब आयोजना गर्दै आएको पनि डा.मिश्रले बताएकी छिन् ।

तीन दिनसम्म आयोजना हुने यो महोत्सबमा अफ्रिकीसँगै नेपाली चलचित्र, लघू चलचित्र, बृत्तचित्र पनि प्रदर्शनी गरिने छ । महोत्सबमा सहभागी हुन चाहने नेपाली चलचित्र, लघू चलचित्र तथा बृत्तचित्र यही पुष महिनाभरी आयोजक पक्षलाई इमेल, भिमियो तथा अन्य माध्यमबाट पठाउन सकिने महोत्सब डिरेक्टर डब्बु क्षत्रीले जानकारी गराएका छन् । बिगत झैं यसपटक पनि महोत्सबमा उत्कृष्ट फिल्महरुलाई पुरस्कृत गरिने भएको छ ।

यो महोत्सबले नेपाल र अफ्रिकाको फिल्मी संस्कृति आदन प्रदानमा सहयोग पुर्‍याउँदै आएको पनि महोत्सब डिरेक्ट क्षत्रीले जानकारी गराएका छन्। महोत्सबमा अफ्रिकी मुलुकका विभिन्न सिनेकर्मी तथा संस्कृतिविद्हरु पनि सहभागी हुनेछन् ।

## दिवाकारको निर्देशनमा 'हनी बनी' बन्ने

**काठमाडौं/मस-** दिवाकर भट्टराईको निर्देशनमा फिल्म ' हनी बनी' निर्माण हुने भएको छ । क्रिसमसको अवसर पारेर निर्माण घोषणा भएको फिल्म एबी इन्टरनेशनलले निर्माण गर्न लागेको हो । एबी इन्टरनेशनलले यस अगाडि 'पासवर्ड', 'सम्हालिन्छ कहिले मन' लगायत निर्माण गरेको थियो ।

दिवाकारले भने यस अगाडि 'क्याप्टेन, ऐश्वर्य' लगायतका फिल्म निर्देशन गरेका छन्। सम्पूर्ण छायाङ्कन यूकेमा हुने फिल्मका लागि कलाकारको छनोट भइसकेको छैन । अडिसनबाट कलाकार छान्ने तयारीमा निर्माण टिम छ ।

एबी इन्टरनेशलसँग फिल्म निर्माणका लागि गौतम प्रोडक्सन र भ्वाइस फिल्मस् लिमिडेटले सहकार्य गर्नेछ । अमित बस्नेत, अजित केआर थापा र परी राना निर्माता रहेको फिल्मको कार्यकारी निर्मातामा अङ्कित गौतम रहेनछन्।

लभस्टोरी जनरामा निर्माण हुने फिल्मको लागत ७ करोड बताइएको छ । नेपाली फिल्म अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउन उद्देश्यले यो फिल्ममा धेरै लगानी गर्न लागेको निर्माता अमित बस्नेतले बताए ।

**नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७८/०९/१५

**पौष्टिका ट्रेड लिंक प्रा.लि. (दर्ता नं २०८४५८)** को मिति २०७८/०९/१२ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पौष्टिका मेडिको इन्टरनेशनल प्रा.लि. (दर्ता नं २०८४५८)** कायम गर्ने गरी मिति २०७८/०९/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६११२।३० मा दर्ता भएको **प्रिन्स भिजन रियलस्टेट एण्ड बिल्डर्स प्रा.लि. नं. ३३८३१** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६४।११।२१ मा दर्ता भएको **एस मल्टिपर्पोज ट्रेड इन्भेष्टमेन्ट प्रा.लि. नं. ५२११४** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०७८/०९/१५**

**कञ्चनपुर जिल्ला लालझाडी गाउँपालिका-५ मा रहेको श्री वैजनाथ सा.व.उ.स. को वन क्षेत्रमा आ.व. २०७५/०७६ मा उत्पादन भई सा.व.स. को घाटगद्धीमा रहेको खयर काठ गोलिया थान १४ को परिमाण ५०.०८ क्युफिट काठ जुन अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानेगरि सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकाले इच्छुक ब्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५क दिनभित्र बोलपत्र खरिदगरि १६ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीका लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स.को सूचना पाटीमा टाँस गरिएको छ ।**

**थप जानकारीका लागि सम्पर्क नं.९७४६३२३९४८**

**Dharmadevi Municipality**
**Office of the Municipal Executive**
**Mudhesanichare, Sankhuwasabha**
**Province No. 1, Nepal**

**Invitation for Online Bids**

**First Date of Publication: 2078/09/15**

1. Dharmadevi Municipality invites sealed bid or electronics bid from Nepalese eligible bidders for the construction of road under the national competitive bidders –Single Stage Single Envelop Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dharmadevi Municipality, Mudhesanichare, Sankhuwasabha; Telephone- 9851006968 email-dharmadevimun@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidders may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Nepal SBI Bank, Dharmadevi Branch**
   **Name of Office : Dharmadevi Municipality**
   **Office Code no. : 801010403**
   **Office Account no.: 41395241207004**
   **Name Of Account :- Aantarik Rajaswa Khata Ga 1.1**
   **Rajaswa (revenue) Shirshak no. :10000**
4. Bids must be submitted electronically through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 hours on 2078/10/16**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1 P.M. hours on 2078/10/16** at the office of Dharmadevi Municipality, Mudhesanichare, Sankhuwasabha. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security (scanned copy in pdf format) be valid for 120 days beyond the validity period of the bid.
   **Information to Deposite the Bid Security Amount in Bank**
   **Name of Bank:- Nepal SBI Bank Dharmadevi Branch**
   **Name of Office :- Dharmadevi Municipality**
   **Office Code No. :- 801010403**
   **Office Account No. :- 41325240600010**
6. If the last date of pre bid meeting, purchasing and /or submission, opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The name and identification of the contract are as follows:

| S.No | Description of Work | Contract ID No. | Estimated Amount (Exclusive of VAT & Contingencies) in NRs. | Bidding Document Fee (NRs) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|
| 1 | Mudhe-Kewabesi Sadak | DD-05-2078/079 | 2668166.80 | 3000 | 67,000 |
| 2 | Kewabesi-Gadeko Dhunga Sadak | DD-06-2078/079 | 1116330.03 | 3000 | 32000 |

Chief Administrative Officer

# विजेता खेलाडीलाई ५ लाख दिने निर्णय




**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ पुस

बंगलादेशको राजधानी ढाकामा भएको एसियन सेन्ट्रल जोन महिला भलिबल च्यालेन्ज कप बिजेता नेपाली खेलाडीहरुलाई सरकारले पुरस्कार दिने निर्णय गरेको छ। बुधबार बसेको मन्त्रिपरिषदको बैठकले सेन्ट्रल जोन महिला भलिबल च्यालेन्ज कप बिजेता खेलाडी, प्रशिक्षक र अफिसियललाई सम्मान पत्र सहित नगद पुरस्कारले सम्मान गर्ने निर्णय गरेको हो।

युवा तथा खेलकुद मन्त्री महेश्वर गहतराज (अथक)को पहलमा मन्त्रिपरिषदको बैठकले उपाधि बिजेता १२ जना खेलाडीहरुलाई जनही ५/५ लाख, २ जना प्रशिक्षकलाई जनही ३ लाख र १ जना अफिसियललाई २ लाख नगदले पुरस्कृत गर्ने निर्णय गरेको हो।

नेपाली टिमको जितले गौरब र खुसीको अनुभूति भएको उल्लेख गर्दै मन्त्री अथकले देशको पहिचान र गौरव बढाउने राष्ट्रिय टिमका खेलाडीहरुलाई नगद राशीले पुरस्कृत गर्ने प्रस्ताव मन्त्रिपरिषदको बैठकमा लगाएका थिए। बंगलादेशको ढाकामा मंगलबार भएको फाइनल खेलमा नेपाली महिला भलिबल टिमले उज्वेकिस्तानलाई ३-२ को सेटमा हराएको थियो। साविकको विजेता नेपालले उज्वेकिस्तानमाथि रोमाञ्चक जित हात पार्दै उपाधि रक्षा गरेपछि युवा तथा खेलकुद मन्त्री अथकले खुसी ब्यक्त गर्दै बधाई दिएका थिए। उपाधि विजेता नेपाली टिम बिहिबार स्वदेश फर्कने कार्यक्रम रहेको छ। नेपाली महिला भलिबल टिमलाई नेपाल भलिबल संघले त्रिपुरेश्वरस्थित राखेपको कर्भडहलमा विशेष कार्यक्रम गरी स्वागत गर्ने कार्यक्रम पनि आयोजना गरेको छ।

# सूर्य नेपाल इस्टर्नको उपाधि शुक्रलाई




**धरान, मस–** स्थानीय प्रोफेसनल खेलाडी शुक्रबहादुर राईले सुर्य नेपाल इस्टर्न ओपन २०२१ को उपाधि जितेका छन्। उनले उपाधिसहित १ लाख ३५ हजार रुपैयाँ जिते।

धरान गल्फ क्लबमा सोमबारदेखि सुरु भएको प्रतियोगिताको तेस्रो दिन शुक्रले १ ओभर ६१ स्कोर जोड्दै समग्रमा ५ स्ट्रोकको अग्रता लिएर उपाधि जितेका हुन्।

शुक्रले समग्रमा १ अन्डर २ सय ९ स्कोर जोड्दै एमेच्योर सुभाष तामाङलाई पछि पारे। सुभाषले अन्तिम दिन २ अन्डर ६८ को प्रदर्शन गर्दै एमेच्योरतर्फ पहिलो र समग्रमा दोस्रो स्थान हासिल गरे। एमेच्योरतर्फ दोस्रो स्थान युवराज भुजेल (२२३) र तेस्रो स्थान सद्भाव आचार्य (२२७) ले हासिल गरे।

व्यावसायिकतर्फ दोस्रो स्थानमा धरानकै बलभद्र राई रहे। उनले समग्रमा ७ ओभर २ सय १७ स्कोरका साथ ८८ हजार रुपैयाँ जिते। तेस्रो स्थानमा ९ ओभर २ सय १९ स्कोर जोडेका निरज तामाङले ६५ हजार रुपैयाँ हात पारे। चौथो स्थानमा संजय लामाले १० ओभर २ सय २० स्कोरसाथ ५३ हजार ५ सय रुपैयाँ प्राप्त गरे।

सुरुवाती दुई दिनमा ३६ होलको खेलपछि २२ व्यावसायिक र ६ एमेच्योर खेलाडीले अन्तिम दिनको लागि कट बनाएका थिए। प्रतियोगिताको कुल पुरस्कार राशी ७ लाख ७५ हजार रुपैयाँ रहेको थियो।

विजेता खेलाडीलाई धरान उपमहानगरपालिकाका मेयर तिलक राई, नेपाल पुलिसका एआइजी हरी पाल, सुर्य नेपालका सहायक ब्राण्ड म्यानेजर नविन सरोज र धरान गल्फ क्लबका अध्यक्ष विरेन्द्र विक्रम लिम्बुले पुरस्कृत गरे।

कट बनाउने शीर्ष २१ व्यावसायिक खेलाडीले नगद पुरस्कार प्राप्त गरेका थिए। प्रतियोगिता अन्तर्गत शुक्रबार व्यावसायिक र एमेच्योर खेलाडी सम्मिलित प्रो-एम इभेन्ट हुनेछ।

# मेयर कप राष्ट्रिय तेक्वान्दो शुक्रबारदेखि




**काठमाडौं, मस–** बाग्मती प्रदेश तेक्वान्दो संघको आयोजनामा प्रथम राष्ट्रिय मेयर कप तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ।

प्रतियोगितामा आयोजकसहित सातै प्रदेश, एपीएफ, नेपाल प्रहरी र नेपाली सेनाका गरी ११ टोलीको सहभागिता रहने बुधबार आयोजित पत्रकार सम्मेलनमा आयोजकका अध्यक्ष केशव पुरीले जानकारी गराए।

प्रतियोगितामा ग्योरोगीतर्फ १६ तथा पुम्से तर्फ ८ स्पर्धा समावेश छन्। ग्योरोगीतर्फ उत्कृष्ट हुने पुरुष तथा महिला खेलाडीलाई जनही ५ हजार रुपैयाँबाट पुरस्कृत गरिने छ। प्रतियोगितामा ३ सय ३० खेलाडी सहभागी हुने छन्।

प्रतियोगिता सञ्चालन गर्न करिब ३२ लाख १ हजार २ सय रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ। प्रदेश टोलीको यातायात, खाना र बसोवास खर्च आयोजकले व्यहोर्ने अध्यक्ष पुरीले बताए। प्रतियोगिताको मुख्य प्रायोजक काठमाडौं महानगरपालिका रहेको छ। अन्य प्रायोजकमा ललीतपुर महानगरपालिका, गोदावरी नगरपालिका र नागार्जुन नगरपालिका छन्।

पत्रकार सम्मेलनमा प्रदेश तेक्वान्दो संघका उपाध्यक्ष प्राध्यापक प्रकास खड्गी, प्रदेश तेक्वान्दो संघका महासचिव हरिहर ढुंगाना, काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष अशोक खड्कालगायतको उपस्थिति थियो। दुईदिने प्रतियोगिताका खेलहरु त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा खेलाइने छ।

# अनमोल स्मृति खुला बास्केटबल आइतबारदेखि




**काठमाडौं, मस-**शिव सेना नेपाल, ललितपुरको आयोजनामा प्रथम अनमोल स्मृति पुरुष खुला बास्केटबल प्रतियोगिता आइतबारदेखि हुने भएको छ।

प्रतियोगिता बिहीबारदेखि हुने तालिका रहेपनि प्राविधिक कारणले आइतबारदेखि मात्र सुरु हुने आयोजकका अध्यक्ष रविन्द्र अवालेले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए।

प्रतियोगितामा ८ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गर्ने छन्। समूह 'ए' मा टाइम्स, कीर्तिपुर, बिएमके र गोल्डेनगेट रहेका छन्। रोयल, गोड्स, स्कल क्यान्डी र क्याम्पियन समूह 'बी' मा छन्।

विजेताले १ लाख र उपविजेताले ५० हजार नगद पुरस्कार पाउने छन्। 'मोस्ट भेलुएबल प्लेयर' लाई १० हजार नगदबाट पुरस्कृत गरिने छ। खेलहरु चण्डोलस्थित विशाल मिलन केन्द्र (बिएमके) को कोर्टमा हुने छ।

# सोतोकान टोली भारत जाने



**काठमाडौं, मस–**तीसौं विनोय सरकार खुला कराते च्याम्पियनसिपमा सहभागी हुने २१ खेलाडीसहित २६ सदस्यीय नेपाली सोतोकान कराते टोली बिहीबार भारतको कोलकाता जाने भएको छ।

नेपाल सोतोकान कराते संघका महासचिव समेत रहेका प्रमुख प्रशिक्षक श्याम शेर्पाको नेतृत्वमा जाने टोलीलाई युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. दामोदर रेग्मीलगायतले बुधबार एक कार्यक्रमबीच बिदाइ गरे। प्रतियोगिता पुस १७ र १८ गते हुने छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६४।०५।०१ मा दर्ता भएको **डिगनिटी रेमिटेन्स प्रा.लि. नं. ४७५५२** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६४।०५।०२ मा दर्ता भएको **डिगनिटी ट्रेकिङ्ग एण्ड एक्सपिडिशन प्रा.लि. नं. ४७५५० नामक** कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

शेयर खरिद गर्ने सम्बन्धी सूचना
प्रकाशित मितिः २०७८/०९/१५
यस सहकारी संस्थाले संस्थाका हाल कायम रहेको शेयरधनीहरुले लिएको शेयरको २०% का दरले थप शेयर बिक्री गर्ने निर्णय गरेकोले थप शेयर खरिद गर्न इच्छुक शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। थप शेयर खरिद गर्न चाहने शेयरधनीहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्क गरि शेयर खरिद गर्नुहुन अनुरोध गरिन्छ।
पिपल वृक्ष बचत तथा ऋण सहकारी संस्था लिमिटेड
जर्मी बालेश्वर, काठमाडौं। फोन नं: ०१-४७०९४८६५

कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना
तेस्रो पटक प्रकाशित मितिः २०७८/०९/१५
**लक्ष्मी प्रिन्ट एण्ड प्याकिङ इण्डष्ट्रिज प्रा.लि., च.न.पा.-१२, काठमाडौं**को मिति २०७८/०८/१७ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जीवरत्न एग्रो इण्डष्ट्रिज प्रा.लि. (प्रा.लि.नं.: १९४६५६), ल.म.न.पा.-१३, ललितपुर** कायम गर्ने गरी मिति २०७८/०९/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर।
पदपुर्ति सम्बन्धी सुचना
प्रथम पटक प्रकाशन मितिः २०७८।०९।१५ गते

यस गाउँपालिकाको गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमका लागि तपसिल बमोजिमका पदहरु करार सम्झौताबाट पुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुवाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नुहुन् सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | बिज्ञापन नं. | पद | संख्या | काम गर्नुपर्ने अवधी |
|---|---|---|---|---|
| १. | ०१।२०७८।०७९ | सुपरीवेक्षक | १ | ५ महिना |
| २. | ०२।२०७८।०७९ | गणक | २ | ५ महिना |

**आवश्यक शैक्षिक योग्यताः**
**सुपरीवेक्षकका लागि** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयसहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्रीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको।
**गणकका लागि** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयसहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्रीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको।
**उमेर १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।**
**यस गाउँपालिका भित्रका उम्मेद्वारलाई प्राथमिकता दिइनेछ।**
**दरखास्त दिने अन्तिम मिति** : २०७८ पुस ३० गतेसम्म।
**छनौटको किसिम** : अन्तरवार्ता।
**पारिश्रमिक सुविधा** : गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम निर्देशिका, २०७५ मा उल्लेख भए बमोजिम गराईनेछ।
**दरखास्त दस्तुरः** सुचनाको म्यादभित्र रु. ५०० (पाँचसय मात्र) यस गाउँपालिकाको सानिमा बैंक कोन्ज्योसोम शाखामा रहेको आन्तरिक राजश्व खाता नं **ग.१.१. ०६६०१००४००००१३** मा जम्मा गरी सक्कलै भौचर पेस गर्ने वा गाउँपालिकाको कार्यालयमा आम्दानी रसिद काटि नगद जम्मा गरेको सक्कल रसिद।

**विस्तृत जानकारीका लागि :** भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको **www.molcpa.gov.np** मा गरिब घर पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम निर्देशिका, २०७५ हेर्नुहोला वा कोन्ज्योसोम गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला।

**प्रमुख प्रशासकीय अधिकृत**



किसानलाई चटारो

तनहुँको भानु नगरपालिका-९ पुर्कोटका कृषक लसुन लगाउँदै । तस्वीर : कृष्ण न्यौपाने, रासस

## डिजिटल बीमालेख जारी गर्ने पहिलो कम्पनी बन्यो सिटिजन लाइफ

**काठमाडौं/मस** – सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले 'डिजिटल सिटिजन' अभियानअन्तर्गत डिजिटल (अभौतिक) बीमालेख सेवा सञ्चालनमा ल्याएको छ। कम्पनीले आफ्नो सेवालाई समयानुकूल परिष्कृत गर्दै सहज तथा सर्वसुलभ गराउन डिजिटल बीमालेख जारी गरेको हो ।

अनिवार्य रुपमा भौतिक टिकट टाँस्नुपर्ने प्रावधानलाई सहज गर्दै बीमा समितिले बीमकले डिजिटल बीमालेख जारी गर्ने बाटो खुल्ला गरेसँगै अभौतिक बीमालेख सञ्चालन गर्ने सिटिजन लाइफ इन्स्योरेन्स पहिलो कम्पनी बनेको कम्पनीले जनाएको छ । डिजिटल बीमालेख सेवाले कम्पनीको दक्षता बढाउनुका साथै समयको बचत गराउने र कम्पनी र ग्राहक दुवैको लागि सजिलो वातावरणको सृजना गर्ने कम्पनीको विश्वास छ।

डिजिटल सिटिजन अभियानअन्तर्गत अनलाइनमार्फत बीमा प्रस्ताव दाखिला गर्ने सफ्टवेयर प्रणाली पनि विगत २ वर्षदेखि सञ्चालनमा छ । यसका साथै अनलाईनबाट सजिलै दावी प्रकृया पनि अगाडि बढाउन सकिने कम्पनीले उल्लेख गरेको छ।

कम्पनीले विभिन्न तालिमहरु डिजिटल माध्यमबाट सञ्चालन गरिरहेको छ । ग्राहक तथा अभिकर्ताहरुलाई कार्यालयसम्म आउनुपर्ने अवस्थालाई सहज बनाई समयको बचत गराउन र ग्राहक सेवालाई विश्वस्तरीय बनाउदै जाने क्रममा 'डिजिटल सिटिजन' अभियानअन्तर्गत कम्पनीले आगामी दिनहरुमा पनि अरु थुप्रै आधुनिक तथा नवीनतम डिजिटल सेवाहरु प्रचलनमा ल्याउने योजना रहेको समेत कम्पनीका प्रमुख कार्यकारी अधिकृत पोषक राज पौडेलले जानकारी गराए ।

कम्पनीले ग्राहकहरुको सुविधालाई मध्यनजर गरी घरमै बसेर बीमाशुल्क तिर्न सकिने व्यवस्थाको लागि इसेवा, फोनपे, कनेक्ट आईपीएसलगायतका डिजिटल बैंकिङ सुविधा र कम्पनीको बैंक खाताहरु उपलब्ध गराउनुका साथै ग्राहक तथा अभिकर्ताले कम्पनीसंगको कारोवार तथा विवरण आफैले हेर्न मिल्ने पोर्टल समेत प्रचलनमा ल्याएको छ।

## पाँच महिनामा चौध करोड बराबरको नून बिक्री

**काठमाडौं/रासस**– साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रदेश नं २ कार्यालयले चालू आर्थिक वर्षको पछिल्लो पाँच महिनाका अवधिमा कूल चौध करोड मूल्य बराबरको नूनजन्य सामग्री बिक्री गर्न सफल भएको छ ।

कार्यालयका अनुसार आब ०७८/७९ साउनदेखि मंसिर मसान्तसम्मका अवधिमा कूल चौध करोड ३५ लाख २५ हजार ३ सय २५ बराबरको नूनजन्य सामाग्री बिक्री गरेको थियो । कार्यालय प्रमुख अमोज लामिछानेले गत आर्थिक वर्ष ०७७/७८ मा रु २७ करोड १० लाख ५५ हजार ८ सय ५० बराबरको नूनजन्य सामग्री बिक्री गरेको जानकारी दिए ।



२०२० साल भदौ २७ गते सार्वजनिक निजी साझेदारीमा स्थापित सो कर्पोरेसनले पछिल्लो समय ऐतिहासिक फड्को मारेको छ। संस्थामा सरकारको २२ प्रतिशत शेयर लगानी रहेको छ।

स्थापनाको ५८ वर्षमा कर्पोरेसनले दैनिक उपभोग्य बस्तु नून, चिनी, चामल, दालजन्य गेडागुडी, खाने तेल, आँटा, मैदा, ग्यासलगायतका वस्तु सर्वसुलभ रुपमा बिक्री वितरण गर्दै आएको छ । कर्पोरेसनले आफ्नो लगानीमा गोरखकाली रबर उद्योग, खाद्य उद्योग, नेपाल वनस्पति ध्यू उद्योग लिमिटेड लगायत हिमालय खाद्य एवं प्याकिङ उद्योग स्थापना गरेको थियो ।

यसैगरी नेशनल फाइनान्स लि, सगरमाथा इन्स्योरेन्स जस्ता संस्थाको स्थापना गरेर देशलाई औद्योगिकरणको दिशामा अघि बढाएको छ। सरकारले दिएको नीति निर्देशनमा कर्पोरेसनले समयमै आयात व्यवस्था गरेर चिनी, नून, चामल र मलको कमी हुन दिएको छैन ।

कर्पोरेसनले बिक्रीवितरण गर्दै आएको आयोडिनयुक्त नून दक्षिण एशियामै सस्तो छ। कर्पोरेसनले ७ वर्ष अघिकै मूल्यमा नूनको सहजरुपमा बिक्रीवितरण गर्दै आएको छ। आयोडिनयुक्त नूनकै कारणले पहाडी र दुर्गम क्षेत्रमा लुलो लङ्गडो हुने, गाँड आउने, हात्तीपाइले, अन्धो हुनेजस्ता रोग हटेको जनाइएको छ।

सरकारले मल आयात र बिक्री वितरणको सम्पूर्ण जिम्मा कर्पोरेसनलाई दिने हो भने बाली लगाउने र किसानलाई चाहिने बेलामा मलको हाहाकार नहुने जनाइएको छ। कर्पोरेशनले विसं २०७२ वैशाखको विनाशकारी भूकम्प पछि घर पुनःनिर्माण गर्न जस्तापाता आयात गरी बिक्री वितरणसमेत गरेको थियो ।

## वार्षिकोत्सवको अवसरमा ग्लोबलका ग्राहकलाई छुट र क्यासब्याक

**काठमाडौ/मस**- ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १५ औं वार्षिकोत्सवको उपलक्ष्यमा ग्राहकहरुको सुविधालाई ध्यानमा राखी कार्ड तथा डिजिटल बैंकिङ मार्फत गरिने कारोबारहरुमा छुट तथा क्यासब्याक प्रदान गर्ने योजनाहरु सार्वजनिक गरेको छ।

बैंकले वार्षिकोत्सवको मौका पारेर आफ्ना ग्राहकहरुलाई पौष १५ गतेबाट माघ १५ सम्म (१महिना)का लागि मोबाइल बैंकिङ्ग, डेबिट तथा क्रेडिट कार्ड निःशुल्क उपलब्ध गराउने छ । यसका साथै, वार्षिकोत्सवकै अवसरमा ग्राहकहरुलाई थप छुट प्रदान गर्ने उद्देश्यका साथ पहिलो पटकको क्यूआर कारोबार, पस मेसिनमार्फत गरिने कारोबार तथा इकम कारोबारमा १५ प्रतिशत अथवा रु. ३०० सम्म क्यास ब्याक प्रदान गर्ने बैंकले जनाएको छ।




पौष १७ गते देखि लागु हुने क्यासब्याक योजना सिमित अवधिका लागि रहने छ । ग्लोबल आइएमई बैंकले देशको ७८ जिल्लामा बैंकको २ सय ८७ शाखा, २ सय ५२ एटीएम, २ सय ६३ शाखा रहित बैंकिङ सेवा, ४८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालय समेत गरी करिब ८ सय ५० सेवा केन्द्रबाट बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

## बीमा समितिको निर्देशिका विवादमा




प्रतिस्पर्धाको माध्यमबाट वस्तु तथा सेवाको मुल्य तय हुने विश्वव्यापी प्रचलित मान्यताको विपरित नियमनकारी निकायले जारी गरेको निर्देशिकाले बीमाको आधारभूत अवधारणालाई औपचारिकतामा सिमित गराउने कार्य गरिएको इपान र महासंघको धारणा रहेको छ । जारी निर्देशिका बीमाको सिद्धान्त विपरित रहेको उनीहरुको ठहर रहेको छ ।

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १४ पुस

बीमा समितिले गत असोज ६ गते ल्याएको नयाँ निर्देशिका विवादमा परेको छ। समितिले बीमा कम्पनीहरुसँग मिलेमतोमा निर्देशिका ल्याएको आरोप लगाउँदै व्यवसायीहरुले उक्त निर्देशिका खारेज हुनुपर्ने माग अगाडि बढाएका छन्।

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इपान) र नेपाल निर्माण व्यवसायी महासंघले निर्जिवन बीमा कम्पनीहरुका लक्षित गरेर समितिले जारी गरेको नयाँ निर्देशिकको खारेजीको माग गर्दै प्रधानमन्त्रीलाई ध्यानआकर्षण गराएका छन् । यही पुस १७ गतेसम्म निर्देशिका खारेज नभए १८ गतेबाट आन्दोलन गर्ने चेतावनीसहित पुस ११ गते आइतबार इपान र महासंघले प्रधानमन्त्री र समितिमा ध्यान आकर्षण पत्र बुझाएका छन्।

प्रतिस्पर्धाको माध्यमबाट वस्तु तथा सेवाको मुल्य तय हुने विश्वव्यापी प्रचलित मान्यताको विपरित नियमनकारी निकायले जारी गरेको निर्देशिकाले बीमाको आधारभुत अवधारणालाई औपचारिकतामा सिमित गराउने कार्य गरिएको इपान र महासंघको धारणा रहेको छ । जारी निर्देशिका बीमाको सिद्धान्त विपरित रहेको उनिहरुको ठहर रहेको छ।

बीमा समितिले नेपालमा गरिने बीमा अत्यन्तै न्यून शुल्कमा हुने गरेको र कतिपय अवस्थामा कागजी बीमा मात्र हुने गरेको तर्क अगाडि सार्दै निश्चित शुल्कभन्दा कम लिन नपाउने भन्दै गत असोज ६ गते 'मिनिमम प्रमियम रेट फर नन ट्यारिफ इन्सोरेन्स बिजनेस' नामको नयाँ निर्देशिका जारी गरेको छ। निर्देशिकामा समितिले प्रिमियम बढाएर निश्चित रकमभन्दा कमको दाबी भुक्तानी नपाउने व्यवस्था गरेपछि निर्देशिका विवादित भएको हो ।

समितिले आफूले गरेको निर्णय अन्तर्राष्ट्रिय अभ्यासअनुसार भएको दाबी गरेको छ । साथै बीमा भनेको कागजी रूपमा मात्र नभएर क्षति भएको अवस्थामा रकम दिन सक्ने अवस्था हुनुपर्ने र यसअघि बीमा गर्दा रकम तिर्न नसक्ने देखिएकाले सो निर्देशिका ल्याएको तर्क अगाडि सारेको छ। त्यस्तै नेपाल बिमक संघले पनि समितिद्वारा जारी गरिएको निर्देशिका खारेज नभए बीमा गर्न नसकिने जनाएको छ।

### के थियो यस अगाडिको व्यवस्थामा ?

नयाँ निर्देशिका जारी हुनुभन्दा अगाडि रहेको व्यवस्थामा बीमा कम्पनीले न्युनतम रकममा बीमा गर्न सक्ने व्यवस्था थियो। ३० दिनको बीमा गर्दा ७ दिनको बाहेक मात्र क्षतिपर्ति नपाउने व्यवस्था थियो।

जलविद्युत कम्पनीहरुले बीमा कम्पनीहरुसँग आपसी सहमति गरी पहिलो ७ दिन, १५ दिन २० दिनसम्मको दाबी नतिर्ने समझदारी अगाडिको व्यवस्थामा गरिएको थियो। यस अगाडिको व्यवस्था अनुसार निर्माण व्यावसायी र बीमा कम्पनीले आपसी सहमतिमा शुल्क निर्धारण गरेर बीमा गर्ने अभ्यास गर्दै आएका थिए ।

यसरी गरिँदै आएको अभ्यासलाई भने अन्तराष्ट्रिय पुनर्बीमा कम्पनीले बीमा गर्न नमान्ने स्थिति बन्दै आएको थियो ।

### के छ नयाँ बीमा निर्देशिकामा ?

बीमा समितिले जारी गरेको नयाँ निर्देशिकामा तीन महिनाको बीमा गरिएको छ भने अघिल्लो एक महिनामा हुने आम्दानीको क्षतिलाई बहन नगर्ने र बाँकी दुई महिनाको मात्रै बहन गर्ने व्यवस्था गरिएको छ । जसमा तीन महिनामा हुने आम्दानीको बीमा शुल्क ०.५० प्रतिशत हुनुपर्ने तय गरिएको छ । त्यस्तै जलविद्युत क्षेत्रले ५ महिना अवधिको बीमा गर्दा अघिल्लो ४५ दिनको दाबी गर्न नपाउँने र बाँकी दिनको मात्रै क्षतिपुर्ति प्राप्त गर्न सक्ने व्यवस्था नयाँ निर्देशिकामा गरिएको छ।

९ महिना अवधिको हकमा ७५ दिनको आम्दानीमा दाबी नलाग्ने र एक वर्ष अवधिको बीमामा चार महिना अवधिको दाबी नलाग्ने व्यवस्था नयाँ निर्देशिकामा गरिएको छ । त्यस्तै जारी गरिएको निर्देशिकामा बीमाको क्षतिपुर्ति सम्बन्धमा कुल बीमा रकमको २ प्रतिशत वा १० प्रतिशत दाबी रकम जुन बढी हुन्छ त्यो छोड्नुपर्ने व्यवस्था गरिएको छ।

## लुम्बिनीमा मुक्तिनाथको वित्तीय साक्षरता




**काठमाडौं/मस**– मुक्तिनाथ विकास बैंकले लुम्बिनी प्रदेशको विभिन्न ठाउँमा वित्तीय साक्षरता कार्यक्रम गरेको छ। बैंकले पशुपति स्कुल र कलेजमा वित्तीय साक्षरता कार्यक्रम गरेको हो ।

कार्यक्रममा स्कुल र कलेजका विद्यार्थी तथा शिक्षक सहभागी थिए । बैंकले सुनवल ११ जारगहमा रहेको नेपाल प्रहरी युक्ति ट्रेनिङ सेन्टरमा पनि वित्तीय साक्षरता कार्यक्रम गरेको थियो ।

कार्यक्रममा बैंकिङ सेवा सुविधा, डिजिटल बैंकिङ प्रविधि, बचत खाता लगायतका बैंकिङ क्षेत्रका विविध आयामका बारेमा जानकारी दिइएको थियो ।

बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न एटीएम कार्ड प्रयोग गरेर नेपालभरि भिसा नेटवर्कमा आबद्ध अन्य जुनसुकै बैंकको एटीएम मेसिनबाट निःशुल्क रकम झिक्न सकिने जनाएको छ।

## एनसीसी बैंक र होटल सिराइचुलीबीच सम्झौता

**काठमाडौं/मस** - एनसीसी बैंकले आफ्ना ग्राहकहरुलाई लक्षित गरेर चितवनको भरतपुरमा रहेको ४ तारे होटल सिराइचुलीबीच विभिन्न आकर्षक छुट प्याकेजहरुमा सम्झौता गरेको छ।

बैंक र होटलबीच एनसीसी बैंकको भिषा कार्ड प्रयोगकर्ता, मोबाइल बैंकिङ चलाउने ग्राहक र बैंकका कर्मचारीहरुलाई होटलमा उपलब्ध विभिन्न सेवाहरुमा विशेष छुट उपलब्ध गराउने बारे सम्झौता भएको हो। सम्झौता अनुसार होटलले फुड एण्ड बेभरेजमा १० प्रतिशत र एकोमोडेसनमा २५प्रतिशत छुट उपलब्ध गराउनेछ। हाल सम्म एनसीसी बैंकको कार्ड नभएका ग्राहकहरुलाई पनि तत्कालै नयाँ कार्ड उपलब्ध गराउन बैंकले इन्स्ट्यान्ट कार्डको व्यवस्था पनि गरेको छ।

बैंकले देशैभर ७ वटै प्रदेशमा १ सय ३७ शाखा ११ वटा एक्स्टेन्सन काउन्टर र १ सय १४ वटा एटिएम वुथहरु सञ्चालन गरी ग्राहकहरुलाई बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**